

# गाईजात्रा

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# गाईजात्रा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

गोबिन्द आचार्य

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र



## गाईजात्रा

गाईजात्रा नेवार समुदायको एक महत्त्वपूर्ण सांस्कृतिक पर्व हो । यो पर्व भाद्र शुक्ल प्रतिपदा (जनै पूर्णिमा) को भोलिपल्ट पर्दछ । काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा यो पर्व धूमधामसाथ मनाइन्छ । वर्ष दिनभित्र दिवङ्गत आफन्तको सम्झनामा नेवार समुदायले यो पर्व मनाउने गर्दछन् ।



गाईलाई सिँगारेर नगर परिक्रमा गराउने भएकाले यसलाई गाईजात्रा भनिएको हो ।
मान्छेलाई पनि गाईका रूपमा सिँगारेर डुलाइन्छ ।
नेवार समुदायले यो पर्वलाई ‘सापारु’ भन्छन् ।

## सुरुआत

यो पर्व राजा प्रताप मल्लको पालादेखि सुरु भएको मानिन्छ । उनको छोराको मृत्यु भएको थियो । रानी शोकमा थिइन् । उनको चित्त बुझाउन राजाले यो जात्राको सुरुआत गरेका थिए । तर यतिले मात्र रानीको मन शान्त हुन सकेन । त्यसपछि प्रहसन र व्यङ्ग्यात्मक कार्यक्रम गराउने आदेशसमेत राजाले दिएका थिए ।



## धार्मिक मान्यता

यमलोकको मुख्य ढोका वर्षभरि बन्द रहने हिन्दु मान्यता छ । पृथ्वीलोकमा गाईजात्रा निकाले पछि यमलोकको ढोका खुल्ने र मृत आत्माहरूले यमलोकमा प्रवेश पाउने हिन्दु धार्मिक ग्रन्थ गरुड पुराणमा उल्लेख छ ।





गाईजात्राका सहभागीलाई श्रद्धालुले दुध, फलफुल, रोटी, चिउरा, दहीका साथै अन्य र द्रव्य दान गर्ने गर्दछन् ।



## विकृति उजागर गर्ने अवसर

यस दिन सामाजिक विकृतिहरूप्रति व्यङ्ग्यात्मक प्रदर्शन तथा प्रहसन गर्ने प्रचलन समेत छ । समाजका कुरीति र विकृतिलाई उजागर गर्दै गाईजात्राका अवसरमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमसमेत गरिन्छन् ।

## कहाँ कहाँ मनाइन्छ ?

राजधानी उपत्यकाबाहिर काभ्रे, रसुवा, दोलखा, पाल्पा, खोटाङ, भोजपुर, इलाम, सुनसरी, मोरङ, पर्सा, मकवानपुर, कास्की आदि जिल्लामा पनि गाईजात्रा मनाइन्छ ।








## भक्तपुरमा गाईजात्रा

भक्तपुरको गाईजात्रामा घिन्ताङघिसी र माँक प्याखँ (बाँदर नाच) प्रमुख आकर्षण मानिन्छ । दुई जोडीले बाजाको तालमा लट्ठी ठोकाउने नाचलाई घिन्ताङघिसी भनिन्छ भने एकै जनाले दुई ओटा लट्ठी जुधाई नाँच्नेलाई बाँदर नाच भनिन्छ । गाईजात्राबाट सुरु भएको व्यङ्ग्यात्मक नाटक तथा सांस्कृतिक कार्यक्रमहरू एक सातासम्म चल्ने गर्दछ ।